# ताडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

ररानीटार, नुवाकोट
स्था. २०७३

बागमती प्रदेश नेपाल


प.सं : २०८२/०८३
च.नं

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सुचना

(प्रथम पटक सूचना प्रकाशित गरिएको मिति २०८२/४/२८

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८२/४/२६ को निर्णयानुसार देहाय बमोजिमको पदमा सेवा करारमा कर्मचारीहरु पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरुले रीतपूर्वक तोकिएको समयभित्र ताडी गाउँपालिकाको करार कर्मचारी पदपूर्ति सम्बन्धी कार्यविधि २०७५ बमोजिमको दरखास्त पेश गर्नुहुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क.सं | विज्ञापन नं | पद | सेवा/समुह /पद | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/२०८२/८३ | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौ | १ | |
| २ | ०२/२०८२/८३ | स्टाफ नर्स | सहायक पाँचौ | ३ | |
| ३ | ०३/२०८२/८३ | मनो सामाजिक परामर्शकर्ता | सहायक पाँचौ | १ | |
| ४ | ०४/२०८२/८३ | अ.न.मी | सहायक चौथो | १ | |
| ५ | ०५/२०८२/८३ | पोषण सहजकर्ता | सहायक चौथो | १ | |
| ६ | ०६/२०८२/८३ | नगर प्रहरी जवान | प्र.ज. | ३ | |

### १. दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजात

माथि सम्बन्धित पदमा माग भए अनुसार शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, कार्य अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपी, २ प्रति पासपोर्ट साइजको फोटो ।(पेश गरिने सवै प्रतिलिपीको पछाडी उम्मेदवार स्वयमले प्रमाणित गरेको हुनपर्नेछ ।

### २. शैक्षिक योग्यता :

- जनस्वास्थ्य अधिकृत - जनस्वास्थ्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको ।
- स्टाफ नर्स - मान्यता प्राप्त शैक्षिक संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको।
- मनोसामाजिक परामर्शकर्ता - मान्यता प्राप्त शिक्षणसंस्थाबाट सामान्य चिकित्सा वा नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ नर्सिङ/मनोविज्ञान/समाजशाश्त्र/सोसियलवर्क/स्वास्थ्य शिक्षा विषयमा स्नातक तहमा उत्तीर्ण गरेको वा पोष्ट ग्राजुयट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको, कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको/Word, Excel,

Power Point, Email Internet चलाउन सक्ने र मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको तालिम व्यवस्थापन प्रणालीमा सुचिकृत भएको ।

- अ.न.मी. - मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मी वा प्रमाणपत्र तह नर्सिङ कोर्ष उत्तीर्ण गरी नेपाल नर्सिङ परिषदमा दर्ता भएको ।
- पोषण सहजकर्ता - मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण, यस गाउँपालिकामा स्थायी बसोवास भएको, सामाजिक आर्थिक रुपमा पछाडी परेको वर्ग, विवाहित महिला एवं सामाजिक परिचालनको क्षेत्रमा अनुभव भएकोलाइ प्राथमिकता।
- नगर प्रहरी - नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरी २०८२ बैशाख १ सम्ममा १८ वर्ष उमेर पुरा गरी दरखास्त दिने दिन सम्म २४ वर्ष ननाघेको तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला वा अवकाश प्राप्त नगर प्रहरीको हकमा ४५ वर्ष ननाघेको । नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको, कुनै राजनीतिक पार्टीको सदस्य नरहेको, मानवीय कानुनको उलङ्घनमा सजाय नपाएको, महिलाको हकमा ५ फिट र पुरुषको हकमा ५ फिट २ ईन्च उचाइ, छाती फुलाउदा ३३ र नफुलाउदा ३१ इन्च हुनुपर्ने, स्वीकृत चिकित्साबाट निरोगिताको प्रमाणपत्र पाएको र मान्यताप्राप्त शैक्षिक संस्थाबाट आधारभूत तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

२. **उमेर** : जनस्वास्थ्य अधिकृतको हकमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको । नगरप्रहरीको हकमा १८ वर्ष पुरा भई २४ वर्ष ननाघेको तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला वा अवकाश प्राप्त नगर प्रहरीको हकमा ४५ वर्ष ननाघेको र अन्य पद (स्टाफ नर्स, अ.न.मी, मनोसामाजिक परामर्शकर्ता, पोषण सहजकर्ता) को हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

३. **आवेदन दस्तुर** : जनस्वास्थ्य अधिकृतको हकमा रु. १०००। र अन्य पदको हकमा रु. ५००। (कृषि विकास बैंक, खरानीटार शाखामा रहेको तादी गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. ०२१३३००९८५८४८०२२ मा आवेदन दस्तुर बुझाई भौचर पेश गर्नुपर्नेछ ।

४. **दरखास्त दिने स्थान** : तादी गाउँपालिकाको कार्यालय, खरानीटार नुवाकोट।(आवेदकहरुले गाउँपालिकाको ईमेल prashan.tadimun081@gmail.com मार्फत आवेदन दस्तुर भौचर सहितको PDF फाईल बनाई आवेदन दिन सक्नेछन ।

५. **सेवा सुविधा** : नेपाल सरकारको नियम बमोजिम हुनेछ ।

६. **काम गर्नुपर्ने स्थान** : तादी गाउँपालिका/अन्तर्गतका कार्यालय/स्थान

७. **छनौट प्रकृया** : लिखित र अन्तर्वार्ता

८. **दरखास्त दिने अन्तिम मिति** : २०८२/५/११ गते सम्म ।

९. परीक्षा मिति पछि प्रकाशित गरिनेछ ।

०८२।४।२८

ध्रुव खनाल
प्रमुख प्रशासकीय अधिकृत